World Vision

# लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण

## सम्बन्धी तालिम तथा अभिमुखीकरण

## दिग्दर्शन

वर्ल्ड भिजन इन्टरनेशनल नेपाल तथा साझेदार संस्थाहरू, लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्पर्कव्यक्ति (GEDSI Focal Point) तथा लैसअसास (GEDSI) सम्बन्धी तालिम एवम् अभिमुखीकरण सञ्चालन गर्ने सहजकर्ताहरूका लागि तयार पारिएको

२०८१

# वर्ल्ड भिजन इन्टरनेशनल नेपालको दुई शब्द

वर्ल्ड भिजन बालबालिका केन्द्रित राहत, विकास र पैरवी गर्ने संस्था हो जसले विश्वमा जोखिममा रहेका लाखौँ बालबालिकाको जीवनमा परिवर्तन ल्याउन सहयोग पुऱ्याएको छ । वर्ल्ड भिजनले स्थानीय समुदायहरु, नागरिक समाज, सरकारी तथा निजी क्षेत्रहरूसँगको समन्वय, पारस्परिक सहभागिता, आपसी विश्वास, उत्तर दायित्व र जिम्मेवारी मार्फत साझा लक्ष्य र दृष्टिकोण बनाउँदै बालबालिकाको हितमा काम गर्न सकिन्छ भन्ने विश्वास राख्दछ । हामी इसाई आस्थामा आधारित संस्था हौं, जसले जातजाति, सम्प्रदाय लिङ्ग वा धर्मको आधारमा भेदभाव नगरी बालबालिका र परिवारहरु सबैको सेवा गर्दछ ।

वर्ल्ड भिजन इन्टरनेशनल विश्वका करीब १०० देशहरूमा कार्यरत छ जस मध्ये वर्ल्ड भिजन इन्टरनेशनल नेपाल  एक हो । वर्ल्ड भिजन इन्टरनेशनलले नेपालमा सन् २००१ देखि दीर्घकालीन विकासका कामहरु मार्फत बालबालिकाको सम्बृद्धिमा आफ्नो कार्यक्रमहरु सुरूवात गरेको हो । हाल वर्ल्ड भिजन इन्टरनेशनल नेपाल उदयपुर, सर्लाही, महोत्तरी, रौतहट, सिन्धुली, काठमाण्डौ, ललितपुर, लमजुङ, जुम्ला, कैलाली, कन्चनपुर, अछाम, डोटी, दैलेख, जाजरकोट, बझाङ्ग र बाँके गरी छ प्रदेशका सत्र जिल्लामा क्रियाशील छ ।

वर्ल्ड भिजन इन्टरनेशनल नेपाल संस्थागत रूपमा आफू तथा आफ्ना स्थानीय साझेदार संस्थाहरूको क्षमता अभिबृद्धि र सुदृढीकरण गर्दै लैङ्गिक समानता, अपांङ्गता तथा सामाजिक समावेशीकरण (लैसअसास) लाई आफ्ना नीति, कार्यक्रम तथा संस्थागत संस्कारमा मुलप्रवाहीकरण गर्न तथा गराउन प्रतिबद्ध रहेको छ । साथै कुनै पनि आन्तरिक र बाह्य कार्यक्रमको अभ्यासमा लैसअसास अवधारणाको उल्लेख्य कार्यान्वयन गर्दै कोही कसैलाई पनि पछि नपारौँ भन्ने मूल नाराका साथ वर्ल्ड भिजनले आफ्ना कार्यक्रम तथा परियोजनाहरू सञ्चालन गर्ने अधिकतम प्रयास गर्दै आएको छ । सोही उद्धेश्य अनुरुप वर्ल्ड भिजन इन्टरनेशनल नेपालले आफ्ना कर्मचारी तथा स्थानीय साझेदार संस्थाका कर्मचारीहरू र लैसअसास अवधारणालाई कार्यान्वयन गर्न चाहने जोसुकै सामाजिक सहजकर्ताको लागि लैसअसास तालिम सहजिकरण गर्न सघाउ  यस दिग्दर्शन तयार पारेको छ । यसरी हाम्रा कार्यक्रमहरूमा लैसअसास अवधारणा अवलम्बन गरी जोखिममा रहेका समूहका बालबालिका, किशोरी, महिला, अशक्त, अपांगता भएका व्यक्ति तथा बालबालिकाहरू र समाजका जोखिम वर्गमा रहेका समूहहरूलाई पारदर्शी र सकारात्मक परिणाम प्रदान गर्न सक्ने छौँ भन्ने कुरामा हामी बिश्वस्त छौं । साथै यस दिग्दर्शनलाई तयार पार्न हामीलाई सहयोग गर्नुहुने द्वय श्री उषा बानिया र श्री दिल प्रसाद मगर प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छौं ।

**रोजलिन एच ग्याब्रियल**
(राष्ट्रिय निर्देशक)

**आरती शर्मा**
(लैसअसास विशेषज्ञ)

# विषय सूचि


## भाग १: दिग्दर्शनको परिचय १

१.१. पृष्ठभूमि ..... १
१.२. दिग्दर्शनको औचित्य ..... २
१.३. दिग्दर्शनको उद्देश्य ..... ३
१.४. दिग्दर्शनको संरचना ..... ४
१.५. दिग्दर्शनको प्रयोगकर्ता ..... ५
१.६.दिग्दर्शनमा समावेश गरिएका सत्रहरु ..... ६

## भाग २: विषयगत सत्रको उद्देश्य, सहजीकरण विधि एवम् प्रक्रिया १०

पहिलो सत्र: तालिमको शुभारम्भ ..... १०
दोश्रो सत्र: लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी विषय प्रवेश ..... ११
तेस्रो सत्र: लैसअसासमैत्री समाजको परिकल्पना ..... १२
चौथो सत्र: लैङ्गिक समानता परिभाषा तथा अवधारणा ..... १३
पाँचौ सत्र: सामाजिक समावेशीकरणको अवधारणा तथा लैसअसास र अपाङ्गता भएकाहरुको सम्बन्ध ..... १४
छैटौ सत्र: लैङ्गिक हिंसा, यसको प्रकार तथा रोकथामका उपायहरु, र लैङ्गिक हिंसा तथा लैसअसासको सम्बन्धमा शक्ति तथा पितृसत्ता ..... १५
सातौ सत्र: राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरु - सिड, दिगो विकास लक्ष्य, संविधान, सि.आर.पि.डि. ..... १६
आठौ सत्र: लैङ्गिक उत्तरदायी बजेटको अवधारणा ..... १७
नवौ सत्र: लैसअसास मूलप्रवाहीकरणका सकारात्मक पक्ष, चुनौती, भय तथा अवसरहरु ..... १८
दशौ सत्र: लैङ्गिक समानता, अपाङ्ता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण सम्बन्धी अवधारणा ..... १९
एघारौ सत्र: सहभागीको आगामी दिनको कार्ययोजना ..... २०
बाह्रौ सत्र : तालिम पश्चात्को परीक्षण, मूल्याङ्कन र समापन ..... २१

## अनुसूचिहरू २२

अनुसूची-१: अध्ययन/सन्दर्भ सामग्रीहरु ..... २२
अनुसूची-२: तालिमको दैनिक कार्यतालिका खाका ..... २३
अनुसूची-३: कार्ययोजनाको नमूना ..... २४
अनुसूची-४: पूर्वपरीक्षण तथा तालिम पश्चात्को परीक्षण प्रश्नावली नमूना ..... २५
अनुसूची-५: तालिम मूल्याङ्कन फाराम ..... २६

भाग

# १

# दिग्दर्शनको परिचय

## १.१. पृष्ठभूमि

नेपालको संविधानमा लैङ्गिक तथा सामाजिक विभेद अन्त्य गरी समानता, समावेशी र सहभागीतामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ । संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार, राज्यका सबै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ ।

लैङ्गिक समानता, अपांगता तथा सामाजिक समावेशीकरणलाई विकासका महत्वपुर्ण र आधारभुत अवधारणाहरूको रूपमा लिने गरिएको छ । नेपाल एक बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त राज्य भएको हुनाले सबै जातजाति, क्षेत्र, धर्म, वर्ग, समुदाय, आर्थिक अवस्था, सामाजिक अवस्था, अपांगता भएका ब्यक्ति तथा जेष्ठ नागरिकहरूको अर्थपुर्ण सहभागिता, स्रोत साधन, अवसर तथा लाभहरूमा समानुपातिक पहुँच सुनिश्चित गर्दै सबै प्रकारका विभेद रहित समतामूलक समाजको निर्माण गर्नको लागि लैसअसास एक कोशे ढुंगा हुन सक्छ । यसै सर्न्दभमा नेपालले पनि लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सुनिश्चिताको लागि विभिन्न संबैधानिक, कानुनी, नीतिगत तथा संस्थागत ब्यवस्थाहरूको व्यवधान तथा कार्यान्वयन गर्दै आईरहेको छ ।

संयुक्त राष्ट्रसंघको महिला उपर हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW, 1979), जनसंख्या तथा विकास सम्बन्धित अन्तर्राष्ट्रिय सम्मेलन (ICPD-1994) मा उल्लेखित महिला सशक्तिकरण, बेजिङ सम्मेलनमा घोषित महिला सरोकारका १२ ओटा गम्भीर विषयबारे बेजिङ कार्यमञ्च (Beijing Platform for Action 1995), अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धिको ऐच्छिक आलेख, (Convention on Rights of People with Disability), बाल अधिकार सम्बन्धी महासन्धि (Convention on Rights of People with Disability 1989) आदिमा नेपालले प्रतिवद्धता जाहेर गरेको साथै संयुक्त राष्ट्रसघंद्वारा सन् २०३० सम्ममा प्राप्त गर्ने गरी तय गरेको दिगो विकास लक्ष्यहरु (SDG) अन्तर्गत लक्ष्य नं. ५ लैङ्गिक समानता, महिला तथा बालिका सशक्तिकरणका लक्ष्य प्राप्तिका लागि नेपालले "कसैलाई पनि पछाडि नछोड्ने" (Living No One Behind) सिद्धान्तलाई अंगिकार गर्दै राष्ट्रिय स्तरका सूचकहरुलाई स्थानीय तहसम्म पुऱ्याउनको लागि लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण (लैसअसास)को प्रवर्धन गर्नुपर्ने आवश्यकता पर्दछ । समग्र दिगो विकास लक्ष्यहरुको एक अभिन्न एवंम् पूरकको रुपमा रहेको लैसअसास मुलप्रवाहीकरण गर्ने सवाल सन् २०३० सम्ममा ती लक्ष्य हासिल गर्ने र दिगो विकासको प्रतिफल पाउन कोही पनि नछुटुन भन्ने उद्देश्यका साथ विश्वव्यापी रुपमा विकासको अभियान चलिरहेको अवस्थामा नेपालले पनि लैसअसास मूलप्रवाहीकरण गर्ने सवाललाई अन्तर्राष्ट्रिय तथा राष्ट्रियस्तरमा दृढसंकल्प लिइएको एवम् प्रतिवद्धता जाहेर गरिएको छ ।

यसै सन्दर्भमा विविधतापूर्ण नेपाली समाजमा रहेका लैङ्गिक, सामाजिक तथा अन्य स्वरुपमा सामाजिक विभेद एवम् बहिष्करणमा पारिएका वर्ग, समुदाय, जनसंख्यालाई पनि दिगो विकास लक्ष्यको प्रतिफल सुनिश्चित गराउन उनीहरुको घरपरिवारदेखि समुदाय, समाज र राज्य सञ्चालनमा सहभागी गराउने राष्ट्रिय उद्देश्य राखिएको छ । यो राष्ट्रिय उद्देश्यका लागि योगदान गर्न विकासको क्षेत्रमा काम गर्ने सबै संघसंस्थाहरुले निरन्तर प्रयास गरिरहेका छन् । वर्ल्ड भिजन इन्टरनेशनल नेपालले पनि यो अभियानमा विगत साढे दुई दशकदेखि सक्रियतापूर्वक भूमिका निर्वाह गर्दै आइरहेको छ ।

नेपालकाभर विभिन्न प्रदेश तथा जिल्लाहरुमा कार्यरत रहेको वर्ल्ड भिजन इन्टरनेशनल नेपालले राष्ट्रिय तथा स्थानीयस्तरका गैरसरकारी संस्थाहरुसँग सहकार्य एवम् साझेदारीमा स्थानीय समुदायको विकास र हितका लागि कार्य गर्दै आइरहेकोमा, लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (लैसअसास) को सवाललाई मूलप्रवाहीकरण गर्न अग्रसर भएको छ । यस प्रयासलाई संस्थागत गर्दै दिगो विकास र लैसअसास मूलप्रवाहीकरणको सवाललाई नतिजामुखी बनाउन वर्ल्ड भिजन इन्टरनेशलनल नेपालले आफ्ना नीतिगत एवम् व्यवस्थापकीय सुधार गर्नुका साथै साझेदारी संस्थाहरु र साझेदारमार्फत् समुदायस्तरमा यो सवाल सम्बोधनका लागि प्रत्यक्षरूपमा कार्य गर्दै आइरहेको छ ।

## १.२. दिग्दर्शनको औचित्य

लैसअसास तालिम तथा प्रशिक्षण सञ्चालन गर्नुको खास उद्देश्य लक्षित सहभागीको लैसअसास मुलप्रवाहिकरण गर्नको लागि ज्ञान, सिप र कार्यकुशलतामा अभिबृद्धि गर्नु हो । तालिम प्रभावकारी बनाउन संस्थाको उद्देश्यसँग सम्बद्ध गराई लक्षित सहभागीहरूको लैसअसास आवश्यकताको पहिचान, पहिचान भएको आवश्यकताका आधारमा तालिमको समग्र र निर्दिष्ट उद्देश्यहरूको निर्धारण, लैसअसास तालिमको आवश्यकतालाई सम्बोधन गर्ने गरी प्रशिक्षण सामग्री (दिग्दर्शन वा म्यानुअल निर्माण, सोको आधारमा तालिम सञ्चालन वा सहजीकरण र तत्पश्चात् त्यसको अनुगमन एवम् मूल्याङ्कन जस्ता चरणबद्ध विधि-प्रक्रिया अपनाउनु पर्दछ । लैसअसास तालिमलाई व्यवस्थित र नतिजामुखी बनाउन तालिम व्यवस्थापन चक्रका हरेक चरणलाई प्रभावकारी बनाउनु पर्दछ । तसर्थ ती विविध चरणहरूलाई क्रमबद्धरूपमा प्रस्तुत गर्ने भएकोले तालिम सामग्री (दिग्दर्शन) उत्तीकै महत्वपूर्ण हुन्छ ।

यस दिग्दर्शनले लैसअसास तालिम तथा अभिमुखीकरण कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउन सहजकर्ता एवम् व्यवस्थापकलाई सही मार्गनिर्देश गर्दछ । तालिमको आवश्यकता पहिचान भई तालिम डिजाइन (पाठ्यक्रम) तयार भइसकेपछि तालिमको योजना र सञ्चालन सम्बन्धी बाँकी गतिविधिहरु सञ्चालन गर्न लिपीबद्ध डकुमेन्ट अत्यावश्यक हुने भएकोले सो आवश्यकता पूरा गर्न लैसअसास तालिम सामग्री आवश्यकको रूपमा यो दिग्दर्शन तयार गरिएको हो । साथै सवै सहजकर्ताहरूले सहजीकरण गर्ने लैसअसास तालिम तथा अभिमुखीकरण समय, सहभागी र सन्दर्भ फरक भएता पनि एकरूपता कायम गरी तालिमको गुणस्तर सुनिश्चितता गर्दै यस्ता कार्यक्रमले चाहेको अपेक्षित नतिजा हासिल गर्न न्यूनतम आधार तयार गर्न सहजकर्ताका लागि निश्चित मार्गदर्शन आवश्यक पर्ने र यस्ता मार्गदर्शन बारम्बार आवश्यक पर्ने भएकोले यस दिग्दर्शन निर्माण गरी प्रयोगमा ल्याउन औचित्यपूर्ण हुन्छ । लैसअसास जस्ता गहन एवम् संवेदनशील विषयलाई सही ढङ्गले लक्षित सहभागीसमक्ष प्रस्तुत गरी उनीहरूको अर्थपूर्ण सहभागीताको सुनिश्चित गरी उनीहरूको सोच, व्यवहार र काम-गराइमा आमूल परिवर्तन ल्याउन तालिम तथा अभिमुखीकरण कार्यक्रमलाई सोही अनुरूप सञ्चालन गर्न अपरिहार्य भएकोले समेत यो दिग्दर्शन निर्माण र प्रयोग गर्नुपर्ने औचित्य रहेको छ ।

## १.३. दिग्दर्शनको उद्देश्य

लैसअसास सम्बन्धी तालिम तथा अभिमुखीकरणको पाठ्यक्रमले निर्धारण गरेका विषयवस्तुहरु सहज एवम् प्रभावकारी ढङ्गले सञ्चालन गर्न सहयोग पुऱ्याउनु नै यस तालिम दिग्दर्शनको प्रमुख उद्देश्य हो । लैसअसास सम्बन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रमले राखेको लक्ष्य तथा उद्देश्य अनुसार लक्षित सहभागीलाई ज्ञान तथा सीपमा अभिबृद्धि र धारणामा सकारात्मक परिवर्तन गराउन कार्यक्रमको उचित प्रबन्ध गर्दै लैसअसास तालिमको गुणस्तर कायम गरी लक्षित समुदायको कार्यक्रम मार्फत अर्थपुर्ण सहभागितामा बृद्दि भइ उनिहरूको श्रोत साधनामा पहुच तथा नियन्त्रण हुनु पनि यस दिग्दर्शनको उद्देश्य रहेको छ ।

## १.४. दिग्दर्शनको संरचना

यस दिग्दर्शनलाई जम्मा २ वटा खण्ड र अनुसूची मा विभाजन गरिएको छ । खण्ड-१ मा यस दिग्दर्शनको परिचय उल्लेख छ, जसअन्तर्गत पृष्ठभूमि, यो दिग्दर्शनको औचित्य, उद्देश्य, प्रयोग कर्ता र ३ दिनको तालिमको लागि विषयगत सत्र विभाजन समावेश गरिएको छ । खण्ड-२ मा विषयगत सत्रको उद्देश्य, सहजीकरण विधि तथा प्रक्रिया उल्लेख गरी ३ दिनको जम्मा १२ वटा सत्रको उद्देश्य, सत्र सहजीकरण विधि तथा प्रक्रिया, आवश्यक सरसामग्री र ध्यानदिनु पर्ने कुराहरु

समावेश गरिएको छ । अन्त्यमा, अनुसूची अन्तर्गत, अध्ययन/सन्दर्भ सामग्रीहरूको सूची, तालिमको दैनिक कार्यतालिका, कार्ययोजनाको नमूना, तालिमको पूर्वपरीक्षण तथा तालिमपश्चात्को परीक्षण प्रश्नावली नमूना र तालिम मूल्याङ्कन फाराम समावेश गरिएको छ ।

## १.५. दिग्दर्शनको प्रयोगकर्ता

यस दिग्दर्शनको मुख्य प्रयोगकर्ता खासगरी वर्ल्ड भिजन इन्टरनेशलनल नेपालका साझेदार संस्थाहरूका लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशशकरण सम्पर्क व्यक्ति (GEDSI Focal Point) तथा लैसअसास (GEDSI) सम्बन्धी तालिम एवम् अभिमुखीकरण संचालन गर्ने सहजकर्ताहरूका लागि तयार पारिएको छ । संस्था र समुदायमा लैसअसास सम्बन्धी सचेतना, अभिमुखीकरण र स्थानीयस्तरका सामुदायिक संघसंस्था, समूह संजाल र निजी क्षेत्रमा तालिम तथा अभिमुखीकरण गर्ने कर्मचारी, संस्थाका प्रतिनिधि तथा स्थानीय सहजकर्ताहरु समेत यो दिग्दर्शनको प्रयोगकर्ता हुन सक्छन् । यसका साथै लैसअसास सवालको बारेमा रूची राख्ने जोसुकै पनि यसका प्रयोगकर्ता हुन सक्दछन् ।

यस दिग्दर्शनको प्रयोगकर्ताले विशेषगरी यसमा उल्लिखित विधि, प्रक्रिया, समय, व्यवस्थापन एवम् स्रोतसाधनको चाजोपाँजो जस्ता पक्षहरूलाई हुबहु प्रयोग गर्नुभन्दा यसमा उल्लिखित मार्गदर्शन र स्थानीय परिवेशअनुसार यसलाई सहयोगी सामग्रीको रूपमा बुझेर प्रयोग गर्नु उपयुक्त हुनेछ । साथै विषयवस्तुका बारेमा गहन अध्ययन गर्न यस दिग्दर्शनमा समाविष्ट सन्दर्भ सामग्रीहरूको अतिरिक्त समय सान्दर्भिक थप सामग्रीहरूको अध्ययन र समसामयिक सान्दर्भिक सूचना एवम् जानकारीहरु समावेश गरेर लैससास तालिम तथा अभिमुखीकरण कार्यक्रमको मूल मर्मलाई ध्यानमा राखी सहजकर्ताहरूले नविन र रचनात्मक ढङ्गले सहजीकरण गर्न सक्नेछन् ।

## १.६. दिग्दर्शनमा समावेश गरिएका सत्रहरू

यो दिग्दर्शनमा जम्मा १२ वटा सत्रहरु समावेश गरिएका छन् । तयार पारिएका सत्रहरु ज्ञानमूलक तथा लैसाअसासको अवधारणा तथा मूलप्रवाहीकरणको अभ्यासमा आधारित छन्, जुन सहभागीहरूले तालिम अवधिभरमा आर्जन गर्ने छन् । दिग्दर्शनमा समावेश गरिएका विषयवस्तुहरु सबै सहभागीतामूलक हुने भएकोले सहभागीहरूलाई ज्ञान आर्जन गर्नमा सघाउ पुग्ने छ । दिग्दर्शन प्रयोग गर्ने सन्दर्भमा अपनाइने सम्पूर्ण विधिहरु सहभागी केन्द्रित हुने भएकाले यो दिग्दर्शन सहभागीमैत्री हुने आशा राखिएको छ । दिग्दर्शनमा समावेश गरिएका विषयवस्तु तथा सत्रहरु निम्नबमोजिम छन् :

# तीन दिनको विषयवस्तुहरूको सूची

| दिन | सत्र | विषयवस्तु |
|---|---|---|
| पहिलो दिन | १ | **तालिमको शुभारम्भ**<br>✦ परिचय<br>✦ उद्देश्य<br>✦ तालिम पूर्व जानकारी<br>✦ आशा अपेक्षा संकलन<br>✦ कार्यक्रमको बारेमा जानकारी<br>✦ तालिममा पालना गर्नुपर्ने विनियमहरु तथा समूह विभाजन |
| | २ | **लैङ्गिक समानता, अपाङ्गगता तथा सामाजिक समावेशीकरणश**<br>✦ लैसअसास सम्बन्धी नेपालको तथ्याङ्क<br>✦ लैसअसास सम्बन्धी शब्दावलीहरु<br>✦ लैसअसास किन वा यसको औचित्य |
| | ३ | **लैसअसासमैत्री समाजको परिकल्पना** |
| | ४ | **लैङ्गिक समानता परिभाषा तथा अवधारणा**<br>✦ लैङ्गिक परिभाषा, लैङ्गिक भूमिका, लैङ्गिकतामा आधारित विभेद, सामाजिकीकरण, समता तथा समानताको बारेमा बुझाइ,<br>✦ लैङ्गिक व्यवहारिक तथा रणनैतिक आवश्यकताहरु<br>✦ श्रोतसाधन माथि पहुँच तथा नियन्त्रण |
| दोश्रो दिन | ५ | ✦ अघिल्लो दिनको समीक्षा<br>✦ सामाजिक समावेशीकरणको अवधारणा<br>✦ लैसअसास र अपाङ्गगता भएकाहरुको सम्बन्ध |
| | ६ | ✦ लैङ्गिक हिंसाको बारेमा जानकारी, प्रकार तथा यसका रोकथामका उपायहरु<br>✦ लैङ्गिक हिंसा तथा लैसअसासको सम्बन्धमा शक्ति तथा पितृसत्ता |
| | ७ | ✦ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु – सिड, दिगो विकास लक्ष्य, संविधान, सि.आर.पि.डि. |
| | ८ | ✦ लैङ्गिक उत्तरदायी बजेटको अवधारणा |
| तेश्रो दिन | ९ | ✦ अघिल्लो दिनको समीक्षा<br>✦ लैङ्गिक समानता, अपाङ्गगता तथा सामाजिक समावेशीकरण मुलप्रवाहिकरण अवधारणा<br>✦ मुलप्रवाहिकरण भनेको के हो र किन तथा यस्का औजार र विधिहरु |
| | १० | ✦ लैसअसास मुलप्रवाहिकरण गर्दाका सकारत्मक पक्ष, सुधार गर्नु पर्ने पक्ष, भय तथा चुनौतीहरुको विश्लेषण |
| | ११ | ✦ सहभागीको आगामी दिनको कार्ययोजना |
| | १२ | ✦ तालिम पश्चातको परीक्षण<br>✦ तालिम मूल्याङ्कन<br>✦ समापन |

भाग

# २

# विषयगत सत्रको उद्देश्य, सहजीकरण विधि एवम् प्रक्रिया

# पहिलो सत्र

## तालिमको शुभारम्भ

### उद्देश्य

- सहभागी तथा सहजकर्ताबीच सम्बन्ध विस्तार भएको हुनेछ ।
- सत्रको अन्त्यमा सहभागीहरू तालिमको उद्देश्य तथा औचित्य बारेमा प्रष्ट हुनेछन् ।
- तालिम अवधिभर पालना गर्नुपर्ने नीतिनियम बारेमा प्रष्ट भई सोको पालनाको लागि प्रतिबद्ध हुनेछन् ।

### विधि

- तालिमको शुभारम्भमा उपस्थित भएका सहभागीहरूलाई शुभकामना दिने तथा ब्यानरमा उल्लेख सन्देश वाचन गरी तालिमको शुभारम्भ भएको घोषणा गर्ने ।
- परिचय गर्ने क्रममा सबै सहभागीहरूलाई आफ्नो नाम, ठेगाना, तालिमसँग सम्बन्धी आफ्नो अनुभव आदान-प्रदान गर्न अनुरोध गरी मस्तिष्क मन्थन गराउने र प्रस्तुतीकरण गर्न अनुरोध गर्ने ।
- परिचयको लागि अपनाइने विधि दोहोरो तथा सबै सहभागीहरूलाई समान अवसर प्रदान हुने गरेर परिचय सत्र गर्ने ।
- सहभागीहरूलाई तालिमको उदेश्य बारेमा प्रष्ट पार्ने ।
- सहभागीहरूलाई उनीहरूले तालिमबाट जान्न सिक्न चाहेको विषयवस्तुमाथि छलफल गर्दै आशा अपेक्षा संकलन गर्ने ।
- सहभागीहरूलाई तालिमपूर्वको जानकारी सम्बन्धी प्रश्नावली वितरण गर्ने र उत्तर दिनको लागि सहभागीहरूलाई अनुरोध गर्ने ।
- मस्तिष्क मन्थन, छलफलको माध्यमबाट तालिम अवधिभर पालना गर्नुपर्ने नीतिनियम निर्माण गर्ने ।

### सामग्रीहरू

ब्यानर, मास्किङ टेप, एल.सि.डि., पूर्वपरीक्षण प्रश्नावलीको प्रिन्ट वा फोटोकपी, सेतोपाटी, मार्कर, न्यूजप्रिन्ट पेपर, नोटबुक, मेटाकार्ड आदि ।

### सत्रको निष्कर्ष

सत्रको अन्त्यमा सबै सहभागीहरु तथा सहजकर्ताको बीचमा सुमधुर सम्बन्ध स्थापना भएको छलफलबाट निष्कर्ष निकाल्दै सबैलाई धन्यवाद दिने । तालिमवाट सहभागीहरुले सिक्न चाहेको आशा अपेक्षा सम्बन्धि प्रष्ट पार्ने ।

### सहजकर्ताले ध्यान दिनु पर्ने

- सबै सहभागीहरूलाई अनुभव आदान-प्रदान गर्नको लागि बराबर मौका दिने ।
- सहभागीहरूको सकृय सहभागीताको लागि उचित वातावरण बनाइदिने ।
- सहजकर्ताले तालिमको उद्देश्य पहिले नै लेखेर तयार गर्ने वा भित्तामा टाँस्ने ।

# दोश्रो सत्र

## लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी विषय प्रवेश

### उद्देश्य

- सहभागीहरूलाई लैसअसास सम्बन्धी नेपालको तथ्याङ्कको बारेमा जानकारी हुनेछ ।
- लैसअसास सम्बन्धी शब्दावलीहरूको बारेमा स्पष्टता हुनेछ ।
- लैसअसास किन वा यसको औचित्य के हो भन्ने बारेमा जानकारी हुनेछ ।

### विधि

- लैसअसास सम्बन्धी नेपालको तथ्याङ्कको बारेमा सहजकर्ताले पहिला नै सूची (बहुवैकल्पिक उत्तरसहितको प्रश्नावली) तयार गर्ने ।
- सम्भव भएसम्म सबै सहभागीलाई प्रश्नावली बाँड्ने । सबैको लागि आवश्यक प्रति फोटोकपी तयार गर्न सम्भव नभएमा हाजिरी जवाफ जस्तो एक-एक गरेर प्रश्न र त्यसको विकल्पहरु पढीदिने । सहभागीहरूलाई आफूलाई सही लागेको विकल्प छनौट गरी प्रश्न नम्बर र विकल्प नम्बर टिप्न लगाउने ।
- त्यसपछि यी लैसअसास सम्बन्धी नेपालको तथ्याङ्कको बारेमा छलफल गर्ने ।
- अन्त्यमा सबै प्रश्नहरूको सही उत्तर जानकारी गराउने र सहभागीहरु आफैलाई के-कति वटा प्रश्नको उत्तर मिले-नमिलेको आफैलाई जाँच्न लगाउने ।
- तालिममा प्रयोग हुने सम्पूर्ण शब्दावलीहरूको सूची बनाई तिनीहरूलाई टुक्रा कागजमा लेख्ने र प्रत्येक सहभागीहरूलाई टिप्न दिने ।
- अनि ती शब्दहरूको अर्थ लगाउन सहभागीहरूलाई अनुरोध गर्ने र प्रत्येक शब्दको अर्थ लगाउदै जाने ।

### सामग्रीहरू

मास्किङ टेप, एल.सि.डि., प्रिन्ट वा फोटोकपी पेपर, सेतोपाटी, मार्कर, न्यूजप्रिन्ट पेपर आदि ।

### सत्रको निष्कर्ष

"लैसअसास सम्बन्धी नेपालको तथ्याङ्क हेर्दा महिला तथा बहिष्करणमा परेका तथा पारिएका समूहहरूको संख्या कम देखिन्छ । यसो हुनुमा लैसअसास सम्बन्धी लैङ्गिक तथा सामाजिक विभेद नै प्रमुख कारण हो । यसकारण समाजमा भएका लैङ्गिक तथा सामाजिक विभेदको न्यूनीकरण गर्दै समतामूलक एवम् विभेदरहित समाजको सिर्जना गर्न लैसअसास आवश्यकता पर्दछ । साथै लैसअसास सम्बन्धी शब्दावलीहरूको बारेमा पनि हामी सबै जानिफकार हुनु पर्दछ ।" भन्ने सन्देश दिने ।

### सहजकर्ताले ध्यान दिनु पर्ने

- सहजकर्ताले पहिलानै लैसअसास सम्बन्धी नेपालको अद्यावधिक तथ्याङ्क भएको प्रश्नावली तयार गर्नु पर्दछ ।
- लैसअसास सम्बन्धी मुख्य-मुख्य शब्दावलीहरूको सूची तयार गर्नु पर्दछ ।

# तेस्रो सत्र

## लैसअसासमैत्री समाजको परिकल्पना

### उद्देश्य

- सहभागीहरू लैसअसास सवालप्रति संवेदनशील भई लैसअसास मैत्री एवम् समतामुलक समाजको परिकल्पना (खाका) तयार गर्न सक्नेछन् ।
- सहभागीहरूबीच लैसअसास मैत्री एवम् संवेदनशीलताप्रति साझा बुझाइ हुनेछ ।
- लैसअसास मैत्री एवम् समतामुलक समाज निर्माणको लागि आ–आफ्नो भूमिका तथा जिम्मेवारी बोध हुनेछ ।

### विधि

- समहभागीहरूलाई समूहमा विभाजन गरी आ–आफ्ना समाजलाई लैसअसास मैत्री तथा समतामुलक समाजको रूपमा परिकल्पना गर्ने गरी त्यसलाई नक्सामा उतार्न लगाउने ।
- नक्सामा उतारिएको परिकल्पनाको सबै समूहलाई पालैपालो प्रस्तुत गर्न लगाउने ।
- सबैले प्रस्तुत गरीसकेपछि छलफल चलाएर "हामीले परिकल्पना गरेका फरक र राम्रा–राम्रा कुराहरु के के रहेछन् ?" भनेर पहिचान गर्न लगाउने ।
- सहभागीहरु बिचको साझा छलफलबाट सत्रको अन्त्यमा हामीले परिकल्पना गरेको लैसअसास मैत्री समाजमा हुनुपर्ने कुराहरु बारे निष्कर्ष निकाल्ने ।
- तत्पश्चात् "हामीले परिकल्पना गरेको समाजको निर्माण गर्ने भूमिका र जिम्मेवारी पनि हाम्रै हुने भएकोले अब सबैले आ–आफ्नो तहतप्काबाट आजैबाट प्रयास थाल्नुपर्ने" सन्देश दिएर संक्षेपीकरण गर्ने ।

### सामग्रीहरू

ब्राउन पेपर, मास्किङ टेप, मार्कर, कलर पेन्सिल वा साइन पेन, नोटबुक, पिन बोर्ड आदि ।

### सत्रको निष्कर्ष

सबै सहभागीवाट प्रस्तुतिकरण सकिए पछि सत्रको निष्कर्ष निकल्ने । निष्कर्षमा विभेदरहित समतामुलक समाजको सृजना गर्न लैसअसास सहभागीबाट परिकल्पनाले सहयोग गर्दछ । समुदाय वा लक्षित वर्गहरूमा विभेदरहित समतामुलक समाजको सृजना गर्नको लागि उनीहरूलाई नै जिम्मेवारी बनाउनु पर्दछ ।

### सहजकर्ताले ध्यान दिनु पर्ने

- समूहगत अभ्यास कार्यमा सबै सहभागीहरूको सहभागीता सुनिश्चिता गर्ने
- परिकल्पना गर्दा सहभागीहरू अलमलिएमा "हाम्रो समाज के कुरा राम्रो भैदिए हुथ्यो जस्तो लाग्छ ?" भनेर प्रश्न सोधर सहजीकरण गरिदिने जस्ले गर्दा सहभागीहरूलाइ अभ्यास गर्नमा सहयोग मिल्छ ।
- सहजकर्ताले वेलावेलामा समूहमा गएर सहजिकरण गरिरहने ।
- सहभागीहरूको गरेको परिकल्पना जे–जस्तो भएपनि प्रसंशा गरेर प्रोत्साहन गर्ने ।
- सबै नक्साहरू भित्तामा मिलाएर लहरै टाँसेर राख्ने ।

# चौथो सत्र

## लैङ्गिक समानता परिभाषा तथा अवधारणा

### उद्देश्य

- सहभागीहरू लिङ्ग तथा लैङ्गिकताको अवधारणा बारे प्रष्ट हुनेछन् ।
- लैङ्गिक समता र समानताबीच फरक छुट्याउन सक्नेछन् ।
- लैङ्गिक व्यवहारिक तथा रणनैतिक आवश्यकताहरूको बारेमा प्रष्ट हुनेछ ।
- श्रोतसाधन माथि पहुँच तथा नियन्त्रणको बारेमा प्रष्टता हुनेछ ।

### विधि

- सहभागीहरूलाई "लैङ्गिक समानता" सम्बन्धी बुझाईका बारेमा मस्तिष्क मन्थन गराउदै छलफल चलाउने ।
- सर्वप्रथम लिङ्ग र लैङ्गिकता बीचको फरक बारेमा छलफल गर्ने ।
- "लैङ्गिकतामा आधारित विभेद हुनुमा सामाजीकिकरण, सामाजिक मूल्यमान्यता तथा हानिकारक अभ्यासहरूले भूमिका खेलेको" भन्ने बारेमा छलफल गर्ने यस्को लागि लैङ्गिक वृक्षको चित्र प्रयोग गर्ने ।
- पावर-पोइन्ट प्रस्तुतीकरण गर्दै लैङ्गिक समानताको बारेमा छलफल चलाउने ।
- लैङ्गिक भूमिकाको लागि महिला तथा पुरूषले गर्दै आइरहेको कामको बारेमा समुह छलफल गर्ने ।
- छलफलबाट आएको निचोटको आधारमा लैङ्गिक भूमिकाको वारेमा प्रष्ट पार्ने
- लैङ्गिक समानता तथा समताको लागि चकलेट खेल तथा स्याल र फ्याउरोको चित्र प्रस्तुतीबाट छलफल गर्ने ।
- लैङ्गिक आवश्यकताहरु छलफल गर्नको लागि महिला तथा पुरूषको आवश्यकताहरूको सूची बनाउन लगाएर छलफल गर्ने ।
- "श्रोतसाधन माथि पहुँच तथा नियन्त्रण" बारे छलफल गर्दा घरपरिवार, समुदाय तथा कार्यक्रममा प्रयोग भइरहेका श्रोतसाधनहरूको उदाहरण दिएर छलफल गर्ने र यसमा "महिला वा पुरूष कस्को कति पहुँच तथा नियन्त्रण छ ?" भनेर छलफल गर्ने ।
- पावर-पोइन्ट प्रस्तुतीकरण गर्दै विषयवस्तु माथि प्रस्ट पार्ने ।

### सामग्रीहरू

मास्किङ टेप, एल.सि.डि.,सेतोपाटी, मार्कर, न्यूजप्रिन्ट पेपर, ब्राउन पेपर, चकलेट आदि ।

### सत्रको निष्कर्ष

"सहभागीको छलफलबाट लिङ्ग भनेको प्राकृतिक, जन्मजात र जन्मदै निर्धारित हुन्छ तथा यसलाई परिवर्तन गर्न सकिदैन । तर लैङ्गिक सामाजिक भूमिका चाँहि सामाजिकिकरणमा आभारित हुन्छ, यो सामाजिक मूल्यमान्यताबाट सृजित हुन्छ र यसलाई परिवर्तन गर्न सकिन्छ । समाजमा महिला तथा पुरूषले गर्दै आएको काम तथा भूमिकालाई मध्यनजर गर्दा प्रमुख तीन किसिमको भूमिकालाई लिन सकिन्छ, जस्तैः प्रजनन्, उत्पादन तथा सामुदायिक भुमिका । समुदायमा तिनै भूमिकामा महिला तथा पुरूषको सहभागीता भए पनि प्रजनन भुमिकामा महिलाको बढि पुरूषको कम तथा उत्पादन तथा सामुदायिक भूमिकामा पुरूषको बीढ तथा महिलाको कम हुन्छ । त्यसकारण प्रजनन् भूमिकामा पुरूषको सहभागीता र उत्पादन तथा सामुदायिक भूमिकामा महिलाको रूपान्तरण हुनुपर्छ र महिलाको तेहरो भूमिकामा परिवर्तन गर्नुपर्छ । आजको दिनमा महिला र पुरूषलाई समान अवसर तथा मौका दिएता पनि सामाजिक संरचना, शिक्षा तथा अवसरबाट टाढा भएका सबै महिलाहरूले उक्त अवसरबाट लाभान्वित हुन सकेका छैनन र उनीहरूको सहभागीता विकासमा न्यून छ । यसकारण महिला, पुरूष, अपाङ्गता भएका व्यक्ति तथा बहिष्करणमा पारिएका तथा परेका समूहहरु सबैलाई उनीहरूको क्षमता तथा रूचीलाई ध्यानमा राखि समताको अवधारणा लिनु पर्दछ ।

### सहजकर्ताले ध्यान दिनु पर्ने

- छलफलमा सबै सहभागीहरूको सहभागीता सुनिश्चिता गराउने ।
- सान्दर्भिक उदाहरणहरू प्रशस्त दिएर विषयवस्तु बारे स्पष्ट पार्ने ।
- सहभागीहरूबाट समेत उदाहरण लिने वा उदाहरण दिन सहभागीहरूलाई अनुरोध गर्ने ।

## पाँचौ सत्र

## सामाजिक समावेशीकरणको अवधारणा तथा लैसअसास र अपाङ्गगता भएकाहरूको सम्बन्ध

### उद्देश्य

- सामाजिक समावेशीकरणको अवधारणाको बारेमा बताउन सक्नुहुनेछ ।
- सामाजिक समावेशीकरण किन भन्ने वारेमा प्रष्ट हुनेछन ।
- सामाजिक वहिष्करणको वारेमा बताउन सक्नुहुनेछ ।

### विधि

- सहभागिहरूलाइ पावर वाकिंग भन्ने खेल खेलाउने ।
- यसको लागि सबै सहभागिहरूलाई एउटै लाइनमा उभिन लगाउने र प्रत्येक सहभागिलाई एउटा एउटा भुमिका दिने जस्तै उपभोक्ता समिति अध्यक्ष, महिला सदस्य, अपांगता भएका व्यक्ति, दलित महिला सदस्य, आदि ।
- उक्त भुमिकाको वारेमा सहजकर्ताले वाचन गर्ने र जो संग वाचन गरिएको भुमिका मिल्छ उ मात्र एक कदम अगाडि आउन भन्ने ।
- क्रमबद्द भुमिका वाचन गरिसक्दासम्म को को अग्रपंक्तिमा पुग्न सके अनि को को जहाँको त्यहिँ रहे, हेर्ने ।
- अनि सहभागिलाइ पावर वाकिंग भन्ने खेल कस्तो लाग्यो भनेर सोध्दै छलफल गर्ने ।
- सहभागीहरूलाई सामाजिक समावेशीकरण सम्बन्धी मस्तिष्क मन्थन गर्नको लागि अनुरोध गर्ने ।
- पावरपोइन्टमार्फत् सामाजिक समावेशीकरण को बारेमा प्रस्तुतीकरण गर्दै छलफल गर्ने ।
- सामाजिक समावेशीकरण सम्बन्धी नेपालको राष्ट्रिय नीति तथा प्रयासको बारेमा जानकारीका साथसाथै उदाहरणहरु पनि दिएर प्रष्ट पार्ने ।

### सामग्रीहरू

एल.सि.डि.,सेतोपाटी, मार्कर, ब्राउन पेपर, मेटाकार्ड आदि ।

### सत्रको निष्कर्ष

खेलको माध्यमवाट समाजमा सवै लिंग, जातजाति, वर्ग समुदाय तथा अपांगता भएका व्यक्तिहरूको श्रोत साधनमा उनिहरूको पहुच तथा नियन्त्रण नभएकोले गर्दा वहिष्करणमा परेका वा पारिएका छन भन्ने वारेमा प्रष्ट पार्ने । वहिष्करण यस्तो सामाजिक प्रकृया हो जहा खासखास व्यक्ति, वर्ग, समुदायहरू लाइ सामाजिक, आर्थिक तथा राजनैतिक क्षेत्रमा पाखा लगाइ उनिहरूको क्षमता अनुसार सहभागि हुने अवसर र त्यस्तो अवसरवाट हुने फाइदावाट वन्चित गराइन्छ यसकारण ति वहिष्करणमा परेकाहरूलाइ विकासको मुलधारमा ल्याउनको लागि सामाजिक समावेशीकरणको आवश्यकता पर्दछ ।

### सहजकर्ताले ध्यान दिनु पर्ने

- ✦ पावर वाकिंग खेलको लागि सहजकर्ताले पहिला नै भूमिको सूची बनाउनु पर्छ वनाउनु पर्छ र सोहि अनुसार खेल खेलाउनु पर्छ र सामाजिक समावेशिकरणको अवस्थाको चित्रण गर्दै प्रस्तुतिकरण गर्नु पर्छ ।
- ✦ विषयवस्तु सम्बन्धी सहभागीहरूसँग खुल्ला छलफल गर्ने ।
- ✦ सान्दर्भिक उदाहरणहरू प्रशस्त दिएर विषयवस्तु बारे स्पष्ट पार्दै सामाजिक समावेशिकरणको बारेमा प्रष्ट पार्ने ।

## छैटौ सत्र

# लैङ्गिक हिंसा, यसको प्रकार तथा रोकथामका उपायहरू, र लैङ्गिक हिंसा तथा लैसअसासको सम्बन्धमा शक्ति तथा पितृसत्ता

### उद्देश्य

- ✦ लैङ्गिक हिंसा र यसको प्रकार बारे बताउन सक्नेछन् ।
- ✦ लैङ्गिक हिंसाको रोकथामका उपायहरू बताउन सक्नेछन् ।
- ✦ लैङ्गिक हिंसा तथा लैसअसासको सम्बन्धमा शक्ति तथा पितृसत्ता बारेमा बताउन सक्नेछन् ।

### विधि

- ✦ सहभागीहरूलाई लैङ्गिक हिंसा सम्बन्धी मस्तिष्क मन्थन गराउदै छलफल चलाउने ।
- ✦ हिंसा, यौनहिंसा, घरेलु हिंसा र लैङ्गिक हिंसाका बीच फरक छुट्याउन विभिन्न उदाहरण समेत दिएर प्रस्ट्याउने । यस्को लागि विभिन्न हिंसा सम्बन्धिका कथाहरू प्रयोग गर्ने ।
- ✦ लैङ्गिक हिंसाका प्रकारका बारेमा सहभागीहरु समेतलाई उदाहरण भन्न लगाउने ।
- ✦ लैङ्गिक हिंसा तथा लैसअसासको सम्बन्धमा शक्ति तथा पितृसत्ता बारेमा छलफल गर्ने ।
- ✦ लैङ्गिक हिंसाको रोकथामका उपायहरूको वारेमा सहभागितात्मक छलफल गर्ने ।
- ✦ पावर पोइन्टमार्फत् लैङ्गिक हिंसाको बारेमा प्रस्तुतीकरण गर्दै छलफल चलाउने ।

### सामग्रीहरू

मास्किङ टेप, एल.सि.डि., सेतोपाटी, मार्कर, न्यूजप्रिन्ट पेपर, ब्राउन पेपर, चकलेट आदि ।

### सत्रको निष्कर्ष

कुनै व्यक्ति वा समूहलाई लक्षित गर्दै उनीहरूलाई शारीरिक वा मानसिक रूपमा आघात पुऱ्याउने स्वत्रन्त्रताको हनन गर्ने वा त्यस्तो कार्य गर्ने धम्कि तथा चेतावनि दिने खालका कृयाकलापलाइ हिंसा भनिन्छ । यस्ता खाले हिंसा प्रत्यक्ष र अप्रत्यक्ष दुबै प्रकारका हुन सक्छन् । लैगिंक विभेदमा आधारित हिंसा भन्नाले त्यस्ता सम्पुर्ण कार्यहरूलाई बुझाउँछ जुन कुनै पनि व्यक्तिलाई उसको लिङ्ग वा सामाजिक लैंगिक विभेदको आधारमा गरिएको हुन्छ । यसमा शारीरिक, मानसिक, यौनिक, सामाजिक, भावनात्मक तथा आर्थिक रूपले पीडा दिने, पीडा पुऱ्याउने खालको व्यवहार गरिन्छ । अथवा महिला र पुरूष वा छोरा वा छोरीको सीप र सामर्थ्यलाई नहेरी केवल समाजले ठम्याएको गुण, लक्षणहरूको आधारमा समाजद्धारा निर्धारण गरिएको सामाजिक भुमिकाको आधारमा उनिहरूसंग व्यवहार गरिन्छ । लैगिंक विभेदमा आधारित हिंसाको स्वरूपहरू: शारीरिक हिंसा, मानसिक हिंसा, यौनजन्य हिंसा, आर्थिक हिंसा, सामाजिक/साँस्कृतिक हिंसाहरू पर्दछन । हिंसालाई बढावा

दिँदै पितृसत्ताले प्रमुख भुमिका खेलेको हुन्छ । त्यसैले पितृसत्ता एक सामाजिक संरचना हो । यो संरचनामा परिवार, समाज, राजनिति जस्ता कुराहरूमा पुरूषहरूको भूमिका निर्णयात्मक रहेको हुन्छ र यस्ले महिलाको महिलाहरूको उत्पादन र श्रम गर्ने शक्तिमा नियन्त्रण, महिलाहरूको प्रजनन् शक्तिमा नियन्त्रण, महिलाहरूको यौनिकतामा नियन्त्रण, महिलाहरूको गतिशिलतामा नियन्त्रण, सम्पत्ति तथा आर्थिक श्रोत साधनमा नियन्त्रण गरिरहेको हुन्छ । र अन्तमा लैगिंक विभेदमा आधारित हिंसा रोकथाम सम्बन्धि भएका व्यवस्थाहरू जस्तै हिंसा न्यूनिकरणको लागि एकद्धार प्रणाली (One stop crises Management center, OCMC), मनोसामाजिक परामर्शदाता (Psycosocial Counselor) को व्यवस्था, लैगिंक हिंसा कोष स्थापना, महिला सेलको स्थापना ।

### सहजकर्ताले ध्यान दिनु पर्ने

- विषयवस्तु सम्बन्धी सहभागीहरूसँग खुल्ला छलफल गर्ने ।
- सान्दर्भिक उदाहरणहरू प्रशस्त दिएर विषयवस्तु बारे स्पष्ट पार्ने ।
- सहभागीहरू वा उनीहरूको घरपरिवारसँग प्रत्यक्ष जोडिएको घटनाहरूको उदारहण नदिने ।
- उदाहरणहरण दिंदा संवेदनशीलता अपनाउने ।
- विषयवस्तुको बारेमा प्रस्तुतिकरण पहिलानै तयार गर्ने ।

## सातौ सत्र

# राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू - सिड, दिगो विकास लक्ष्य, संविधान, सि.आर.पि.डि.

### उद्देश्य

- सहभागीहरूलाई लैङ्गिक समानता, अपांगता तथा सामाजिक समावेशीकरण सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रावधान सम्बन्धी सामान्य जानकारी भएको हुनेछ ।
- नेपालको संविधानमा लै.स.अ.सा.स. सम्बन्धी भएको व्यवस्था बारेमा जानिफकार भएका हुनेछन् ।

### विधि

- सहभागीहरूलाई लैसअसासको बारेमा नेपालको संविधानमा भएका व्यवस्थाका बारेमा मस्तिष्क मन्थन गराउदै छलफल चलाउने ।
- सहभागीहरूलाई लैसअसासको बारेमा भएका अन्तर्राष्ट्रिय सन्धि-सम्झौता, तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरको बारे मस्तिष्क मन्थन गराइ सूची तयार गर्न लगाई थप छलफल चलाउने ।
- पावर पोइन्टमार्फत् प्रस्तुतीकरण गर्दै छलफल गर्ने

### सामग्रीहरू

एल.सि.डि., सेतोपाटी, मार्कर, न्यूजप्रिन्ट पेपर, मेटा कार्ड आदि ।

### सत्रको निष्कर्ष

नेपालको संविधानको प्रस्तावनमानै लैङ्गिक विभेद, सबै प्रकारमा जातिय छुवाछुतको अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको । महिलाको हक सम्वन्धी धाराले समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै निकायमा सहभागिता हुने

अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको । महिला विरूद्ध हुने हिंसाजन्य कार्यहरूलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको । समानताको हकले नागरिकहरू, सामाजिक र सांस्कृकित रूपले पछाडि समुदाय समेतको संरक्षण, सशक्तिकरण वा विकासको लागि संविधान विशेष प्रावधानहरूको थप व्याख्या गरेको । सामाजिक न्यायको हकले राज्यका हरेक निकायहरूमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकारको स्थापना गरेको । छुवाछुत तथा भेदभाव विरूद्धको हक (धारा २४), महिलाको हक (धारा ३८), दलितको हक (धारा ४०), सामाजिक न्यायको हक (धारा ४२) र सामाजिक सुरक्षाको हक (धारा ४३) ले विशेष अवस्था र परिस्थितिले पछाडी पारिएका नागरिकको सहभागिता र शसक्तिकरणको लागि विशिष्ट हकको व्यवस्था गरेको छ । मौलिक हकहरू जस्तैधरा १६ः सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७ः स्वतन्त्रताको हक, धारा १८ः समानताको हक, धारा २४ः छुवाछूत तथा भेदभाव विरूद्धको हक, धारा २५ः सम्पत्तिको हक, धारा २६ः धार्मिक स्वतन्त्रताको हक, धारा ३२ः भाषा तथा संस्कृतिको हक, धारा ३८ः महिलाको हक, धारा ४०ः दलितको हक, धारा ४१ः ज्येष्ठ नागरिकको हक, धरा ४२ः सामाजिक न्यायको हक आदि यसैगरि अन्तर्राष्ट्रिय प्रावधान सम्बन्धी बेईजिङ्ग कार्यमञ्च मा समेटिएका १२ गम्भिर महिलाको सरोकार क्षेत्रहरू, महिला विरूद्ध हुने सबै किसिमका भेदभाव उन्मुलन गर्ने महासन्धि- १९७९ (नेपाल पक्ष – १९९१ अप्रिल २२), लैङ्गिक समानता लागि दिगो विकासका लक्ष्य ५ को सहायक लक्ष्यहरु (लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने, महिला, किशोरी र बालिकाविरूद्ध हुने सबै प्रकारका भेदभावको अन्त्य गर्ने, मानव बेचविखन र यौन लगायत अन्य शोषण सहित सार्वजनिक र निजी क्षेत्रमा महिला, बालिका र किशोरीमाथि हुने सबै प्रकारका हिंसाको अन्त्य गर्ने, बालविवाह, कलिलो उमेरमा गरिने विवाह, जबर्जस्ती विवाह तथा अन्य घातक प्रचलनहरूको उन्मूलन गर्ने, सार्वजनिक सेवा, पूर्वाधार र सामाजिक सुरक्षा नीति तथा घर परिवार भित्रको साझा जिम्मेवारी प्रबर्धन गरि हरेक देश अनुसारको बेतलबी तथा घरेलु श्रमको मूल्य पहिचान गर्ने, राजनीतिक, आर्थिक र सार्वजनिक जीवनका सबै निर्णायक तहमा महिलाहरूको पूर्ण प्रभावकारी नेतृत्व सहभागिता तथा समान अवसर सुनिश्चित गर्ने, जनसंख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन र बेइजिङ कार्ययोजना तथा तिनका समीक्षा भेलाका निष्कर्ष र त्यससम्बन्धी दस्ताबेज बमोजिम यौन र प्रजनन् स्वास्थ्यको विश्वव्यापी पहुँच सुनिश्चित गर्ने कुरालाइ प्रमुख प्राथमिकता साथ हेरिएको छ । यसै गरि अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि, (Convention on Rights of People with Disability), बाल अधिकार सम्बन्धी महासन्धि (Convention on Rights of People with Disability 1989) हरू पनि पर्दछन ।

### सहजकर्ताले ध्यान दिनु पर्ने

- लैसअसास सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिसम्झौता तथा प्रतिवद्धता र संविधान तथा राष्ट्रिय नीतिनियममा भएका व्यवस्थाको बारेमा प्रस्तुतीकरण गर्दा सहभागीको स्तर, आवश्यकता र औचित्य हेरर के-कति जानकारी कस्तो ढङ्गले दिने भनी पहिले स्पष्ट हुने र सोही अनुसार छलफल चलाउने वा प्रस्तुतीकरण सामग्री (पावरपोइन्ट) तयार पार्नु पर्दछ ।
- सहभागीको स्तर अनुसार सरल र व्यवहारिक विधि प्रयोग गरी बुझाउनु पर्दछ ।

## आठौ सत्र

# लैङ्गिक उत्तरदायी बजेटको अवधारणा

### उद्देश्य

- लैङ्गिक उत्तरदायी बजेटको अवधारणा, आवश्यकता र औचित्य बारे जानकार भएका हुनेछन् ।
- लैङ्गिक उत्तरदायी बजेटका फाइदा बारे बताउन सक्नेछन् ।
- लैङ्गिक उत्तरदायी बजेट तर्जुमा विधि बारे जानकार भइ आफ्नो कार्यक्षेत्रमा अभ्यास गर्न सक्षम हुनेछन् ।

### विधि

- सहभागीतामूलक विधिबाट लैङ्गिक उत्तरदायी बजेटको अवधारणा, आवश्यकता तथा औचित्य, फाइदा आदि बारेमा समूहगत रूपमा छलफल गर्न लगाई पालैपालो प्रस्तुत गर्न लगाउने ।
- कार्यक्रममा लैङ्गिक उत्तरदायी बजेटलाई कसरी प्रभावकारी बनाउने भन्ने बारेमा अभ्यास मार्फत छलफल गर्ने
- सबैको प्रस्तुतीकरणको संक्षेपीकरण गरिदिने ।
- पावर पोइन्ट प्रस्तुतीकरण र छलफल गर्ने ।

### सामग्रीहरू

एल.सि.डि., सेतोपाटी, मार्कर, न्यूजप्रिन्ट पेपर आदि ।

### सत्रको निष्कर्ष

कुनै निश्चित अवधिका लागि आवश्यक पर्ने बजेटको अनुमान, आयको आधारमा खोजी, विभिन्न शिर्षकहरूमा गरिने विनियोजन र खर्च, खर्चको अभिलेख र लेखाजोखा लगायतका सम्पुर्ण पक्षमा लैङ्गिक समानताको लक्षलाइ केन्द्रमा राखेर उद्देश्यमुलक ढंगले, योजनाबद्दरूपमा, लैङ्गिक विश्लेषणसहित आर्थिक स्रोतको सुनिश्चता र उपलब्धिको समतामुलक वितरण र उपयोग हुनेगरी गरिने बजेट तर्जुमा प्रकृयालाइ लैङ्गिक उत्तरदायी बजेट पद्दति भनिन्छ ।

### सहजकर्ताले ध्यान दिनु पर्ने

- लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी संस्थागत व्यवस्था, पृष्ठभूमि, यस सम्बन्धी नेपालमा भए गरेका प्रयास तथा पछिल्लो बजेटमा लैङ्गिक बजेटको अंश सम्बन्धी तथ्याङ्कहरू सङ्कलन गर्ने ।
- सङ्कलित तथ्याङ्कको बारेमा सहभागीहरूलाई छलफल गराउने ।
- सहायक, निर्दिट र तटस्त बजेट सम्बन्धी सरल एवम् व्यवहारिक उदाहरण तयार गर्ने र प्रस्तुत गर्ने ।

## नवौ सत्र

## लैसअसास मूलप्रवाहीकरण गर्दाका सकारात्मक तथा सुधार गर्नुपर्ने पक्ष, चुनौती तथा अवसरहरू

### उद्देश्य

- लैसअसास मूलप्रवाहीकरण गर्दाका सकारात्मक पक्ष, सुधार गर्नु पर्ने पक्ष, चुनौती/भय तथा अवसरहरूको पहिचान गर्न सक्ने छन् ।

### विधि

- सहभागीहरूलाई जम्मा ४ समूहमा विभाजन गरी सकारात्मक पक्ष, कमजोर वा सुधार गर्नु पर्ने पक्ष, चुनौती तथा अवसरहरूको पहिचान गर्न मस्तिष्क मन्थन तथा समूह कार्य गर्न लगाउने ।
- सबै समूहलाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउने र अन्य समूहलाई आफूलाई लागेको कुरा थप गर्न अनुरोध गर्ने ।
- सहभागीको तर्फबाट प्रस्तुतीकरणको संक्षेपीकरण गर्दै थप कुराहरु राखिदिने र प्रस्तुतीकरण, छलफल गर्ने ।

### सामग्रीहरू

मास्किङ टेप, एल.सि.डि.,सेतोपाटी, मार्कर, न्यूजप्रिन्ट पेपर, ब्राउन पेपर, मेटाकार्ड आदि ।

### सत्रको निष्कर्ष

सकारात्मक तथा सुधार गर्नुपर्ने पक्ष, चुनौती तथा अवसरहरु (Strength, Weakness, Opportunity and Threat, SWOT Analysis) विधिवाट लैसअसासको अवस्थाको मनन गर्दै कमजोर वा सुधार गर्नु पर्ने पक्षलाइ केलाएर महिला, पुरूष, अपांगता भएका व्यक्ति तथा वहिष्करणमा पारिएकाहरूका व्यक्ति तथा समूहहरू समावेस हुने गरि कार्य योजना बनाउँदा विशेष ध्यान दिनु पर्दछ ।

### सहजकर्ताले ध्यान दिनु पर्ने

- सबै सहभागीहरूको समान एवम् सक्रिय समभागिताको लागि पहल गर्ने ।
- समूहको तर्फबाट प्रस्तुतीकरण गर्दा पहिले अवसर नपाएका सहभागीलाई प्रस्तुतीकरण गर्न मौका दिने, प्रोत्साहन गर्ने ।

## दशौं सत्र

## लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण सम्बन्धी अवधारणा

### उद्धेश्य

- लैसअसास मूलप्रवाहीकरणको अवधारणा र ओचित्य बारे स्पष्ट भएका हुनेछन् ।
- लैसअसास मूलप्रवाहीकरणको औजारहरू तथा विधिहरू बारे जानकार भएका हुनेछन् ।
- लैसअसास मूलप्रवाहीकरणको लागि आफ्नो तह र तप्कामा सहजीकरण गर्न सक्षम हुनेछन् ।

### विधि

- लैसअसास मूलप्रवाहीकरण सम्बन्धी अवधारणा बुझाउन पावर-पोइन्ट "मूलप्रवाहीकरण" को शाब्दिक अर्थबाट अवधारणा बुझाउन सहभागीहरूको बुझाइलाई सेतोपाटीमा टिप्ने र सही अर्थबारे स्पष्ट पार्ने ।
- विषयवस्तु बारेमा प्रस्तुतीकरण र सँगसँगै छलफल गर्ने ।
- लैससास मूलप्रवाहीकरण सम्बन्धी नेपालको नीतिगत व्यवस्था, भएगरेको प्रयास र हालसम्मका उपलब्धिहरु बारे पनि छलफल चलाइ यसको आवश्यकता, औचित्य, विधि तथा औजारका बारेमा प्रष्ट्याउने ।

### सामग्रीहरू

मास्किङ टेप, एल.सि.डि., सेतोपाटी, मार्कर, ब्राउन पेपर, मेटाकार्ड आदि ।

### सत्रको निष्कर्ष

पुरूष, महिला, अपाङ्गता भएका व्यक्ति, वहिस्करणमा परेकाहरू पनि पूर्ण रूपले स्वतन्त्र र समानताका हकदार हुन्छन् र उनिहरूको आत्मसम्मानको कदर हुन्छ र राज्यका सम्पूर्ण स्रोत साधनमा उनिहरूको पनि सहज पहुँच हुन्छ भने त्यसैलाई नै लैंगिक उत्तरदायी लोकतन्त्र मान्न सकिन्छ । महिला, अपांगता भएका व्यक्ति, वहिस्करणमा पारिएका व्यक्ति तथा समूहहरूको व्यवाहारिक तथा रणनीतिक आवश्यकता पहिचान गरी समतामूलक तरिकाबाट, समानतामूलक सकरात्मक विभेदका कार्यक्रमहरूलाई प्राथमिकता दिई व्यवहारमा उतार्न लैङ्गिक मूलप्रवाहिकरणको आवश्यकता पर्दछ । त्यसैले यस्ले

लैसअसास मूलप्रवाहीकरण भनेको संस्थाका कार्य, प्रणाली र प्रक्रियाका सबै पक्षमा सामावेशिक तथा समानता प्रबर्द्धन गर्न, लैसअसास समानता प्रबर्द्धनका लागि सबै नीति, कार्यक्रम तथा संस्थागत र व्यवस्थापन प्रक्रियाहरूको स्वरूपको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्दा सबैको वर्गको आवश्यकताहरु र व्यवधानहरूलाई ख्याल गर्नको लागि मद्दत गर्दछ । महिला, अपांगता भएका व्यक्ति तथा अन्य पछाडि पारिएका वर्गको सशक्तिकरणलाई विशेष जोड दिइ निति नियम, कार्यक्रम, योजना तथा बजेट निर्माण गर्न, महिला, अपांगता भएका व्यक्ति पछाडि पारिएका वर्गको लागि लक्षित कार्यक्रमहरू संचालन गर्न, विकासका क्रियाकलापमा महिला, अपांगता भएका व्यक्ति तथा अन्य पछाडि पारिएका वर्गको सहभागिता बढाउन, विकासको स्रोत एवं अवसरहरू र प्रतिफलको लाभमा उनीहरूलाई समान तथा न्यायोचित अधिकार दिलाउनको लागि यस्को आवश्यकता पर्दछ । लैसअसास मूलप्रवाहीकरण सामाजिक सशक्तीकरण मार्फत, उपलब्ध स्रोतसाधन माथिको पहुँच तथा नियन्त्रणमा बञ्चितीकरणमा परेका व्यक्ति तथा समुदायको क्षमता विकास मार्फत, समाजमा गरीब तथा बञ्चित वर्गहरूको आवाज तथा प्रभावलाई निर्णय तहमा पुर्‍याउन सक्ने क्षमता विकास मार्फत, नीति निर्माता तथा सेवा प्रदान गर्ने निकायले बञ्चितिकरणमा परेका वर्गलाई गर्ने व्यवहारमा सुधार ल्याउने, नीति, नियम, मूल्य र मान्यतामा परिवर्तन मार्फत गर्न सकिन्छ ।

### सहजकर्ताले ध्यान दिनु पर्ने

- सबै सहभागीहरूको सक्रिय समभागिताको लागि उचित वातावरण तयार गर्ने ।
- लैसअसास मूलप्रवाहीकरणको विधि तथा औजारहरू बारे बुझाउदा सहभागीहरूको स्तर अनुसार व्यवहारिक उदाहरण समेत दिई सरलकृत गरेर बुझाउने ।
- सहभागीहरूबाटै पनि सान्दर्भिक उदाहरणहरू लिने ।
- लैसअसास मूलप्रवाहीकरण सम्बन्धि उनिहरूले गर्दै आएको योजनाको उदाहरणहरू लिने ।

## एघारौ सत्र

## सहभागीको आगामी दिनको कार्ययोजना

### उद्देश्य

- सहभागीहरूको तालिमको सिकाइ कार्यान्वयन सम्बन्धी कार्ययोजना तयार गरेको हुनेछ ।
- कार्ययोजना कार्यान्वयनबाट सहभागीहरूको कार्यव्यवहारमा र संस्थामा लैसअसास मूलप्रवाहीकरण सम्बन्धी टेवा पुगेको हुनेछ ।

### विधि

- तालिमको सिकाइ कार्यान्वयन सम्बन्धी कार्ययोजना बनाउन सहभागीहरूलाई कार्ययोजनाको फाराम /खाका बितरण गरी के-कसरी सो फाराम भर्ने बारे स्पष्ट पारिदिने ।
- तालिममा सिकेका कुरालाई तत्कालै व्यवहारमा उतार्न सकिने कुरालाई कार्ययोजनामा समावेश गर्न सुझाब दिने र कार्ययोजना बनाउन आवश्यक सहयोग गर्ने ।
- समय भएमा केही सहभागीहरूलाई प्रतिनिधिमूलक तरिकाले कार्ययोजना प्रस्तुत गर्न लगाई सुधार गर्नु पर्ने देखिएमा सुधारका लागि पृष्ठपोषण दिने ।
- यस कार्ययोजनाको कार्यान्वयनबाट प्राप्त हुने नतिजा एवम् प्रतिफल र यसको कार्यान्वयनको अवस्था/प्रगति बारेमा फल्लोअप तथा अनुगमन गरिने कुरा पनि सहभागीहरूलाई सुसूचित गर्ने ।

### सहजकर्ताले ध्यान दिनु पर्ने

- कार्ययोजना फाराम सबै सहभागीहरूलाई पुग्ने गरी प्रिन्ट वा फोटोकपी गर्ने ।
- सहभागीहरूले भरेको कार्ययोजना फोटोकपी गरेर फाइलिङ गर्ने वा सहभागीहरूलाई आ–आफ्नो मोबाइले कार्ययोजनाको फोटो खिच्न लगाई सक्कल प्रति सङ्कलन गर्ने ।

## बाह्रौं सत्र

## तालिम पश्चात्को परीक्षण, मूल्याङ्कन र समापन

### उद्धेश्य

- तालिम पश्चात्को परीक्षण गरी तालिमको कारण सहभागीहरूको ज्ञानकोस्तरमा भएको सुधार पत्ता लगाउने ।
- तालिम मूल्याङ्कन गरी तालिमप्रति सहभागीहरूको सन्तुष्टि र तालिमको सान्दर्भिकता मापन गर्ने ।

### विधि

- तालिमको विषयगत सत्र सकिएपछि तालिमपश्चात्को परीक्षण फाराम (प्रश्नावली) सबै सहभागीहरूलाई उपलब्ध गराई भर्न लगाउने ।
- सहभागीहरूबाट परीक्षण फाराम संकलन गरेपछि समय भएमा सबै प्रश्नको सही उत्तर पनि भनीदिने ।
- कार्यक्रम मूल्याङ्कन प्रश्नावली (फाराम) वितरण गरी सहभागीबाट भर्न लगाउने ।
- सहभागीहरूमध्ये महिला तथा पुरुषबाट प्रतिनिधिमूलक रूपमा मन्तव्य राख्न लगाउने ।
- तालिमको समापन समारोहमा उपस्थित अतिथिहरूबाट आगामी दिनको कार्यक्रमलाई फलदायी बनाउनको लागि सन्देश प्रदान गर्ने ।

# अनुसूचिहरू

# अनुसूची-१

## अध्ययन/सन्दर्भ सामग्रीहरू

- नेपालको संविधान
- लैङ्गिक समानता, सामाजिक समावेशीकरण सम्बन्धी हाते पुस्तिका
- लैङ्गिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन (अर्थ मन्त्रालय, नेपाल सरकार)
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन, २०७४
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिको ऐच्छिक आलेख
- आदिवासी तथा जनजाति सम्बन्धी महासन्धि
- बाल अधिकार सम्बन्धी महासन्धि, १९८९
- बालबालिका नियमावली, २०७८
- बालबालिका सम्बन्धी ऐन, २०७५
- महिला विरूद्धका हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि (सिड), १९७९

नोटः यी माथिका कानून तथा सन्धिहरु नेपाल कानून आयोगको वेभसाइट https://lawcommission.gov.np मा पाउन सकिन्छ भने अन्य सन्दर्भ सामग्रीहरु भने गुगलमा खोजेर सरकारी तथा गैरसरकारी संघसंस्थाका वेभसाइटमा प्राप्त गर्न सकिन्छ ।

# अनुसूची-२

## तालिमको दैनिक कार्यतालिका खाका

**तालिमको नाम**ः लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम

**मिति** : ........................................................ **स्थान** : ...............................................

**आयोजक** : ..................................................................................................................................

### तालिम समग्र उद्देश्य

- लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (लैसअसास) मूलप्रवाहीकरणको बारेमा सहभागीहरूको ज्ञान–सीप अभिबृद्धि गर्ने ।
- लैसअसास मूलप्रवाहीकरण गर्न सहभागीहरूको क्षमताको अभिबृद्धि गर्ने ।

# दैनिक कार्यक्रम तालिका

| समय | विषयवस्तु तथा क्रियाकलाप |
|---|---|
| | **पहिलो दिन** |
| १०:००–११:३० | **तालिमको शुभारम्भ**<br>✦ परिचय<br>✦ उद्देश्य<br>✦ तालिम पूर्व जानकारी<br>✦ आशा अपेक्षा संकलन<br>✦ कार्यक्रमको बारेमा जानकारी<br>✦ तालिममा पालना गर्नुपर्ने वियमहरु तथा समूह विभाजन |
| ११:३०–११:४५ | विश्राम |
| ११:४५–१३:१५ | **लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी विषय प्रवेश**<br>✦ लैसअसास सम्बन्धी नेपालको तथ्याङ्क<br>✦ लैसअसास सम्बन्धी शब्दावलीहरु<br>✦ लैसअसास किन वा यसको औचित्य |
| १३:१५–१३:४५ | खाजा समय |
| १३:४५–१५:१५ | ✦ लैसअसासमैत्री समाजको परिकल्पना |
| १५:१५–१५:३० | विश्राम |
| १५:३०–१६:५५ | **लैङ्गिक समानता परिभाषा तथा अवधारणा**<br>✦ लैङ्गिक परिभाषा, लैङ्गिक भूमिका, लैङ्गिकतामा आधारित विभेद, सामाजिकीकरण, समता तथा समानताको बारेमा बुझाइ,<br>✦ लैङ्गिक व्यवहारिक तथा रणनैतिक आवश्यकताहरु, श्रोतसाधन माथि पहुँच तथा नियन्त्रण |
| १६:५५–१७:०० | दिनभरीको संक्षेपीकरण |
| | **दोस्रो दिन** |
| १०:००–१०:१५ | **अघिल्लो दिनको पुनरावलोकन** |
| १०:१५–११:३० | ✦ सामाजिक समावेशीकरणको अवधारणा<br>✦ लैसअसास र अपाङ्गता भएकाहरुको सम्बन्ध |
| ११:३०–११:४५ | विश्राम |
| ११:४५–१३:१५ | ✦ लैङ्गिक हिंसाको बारेमा जानकारी, प्रकार तथा यसका रोकथामका उपायहरु<br>✦ लैङ्गिक हिंसा तथा लैसअसासको सम्बन्धमा शक्ति तथा पितृसत्ता |
| १३:१५–१३:४५ | खाजा समय |
| १३:४५–१५:१५ | ✦ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु - सिड, दिगो विकास लक्ष्य, संविधान, सि.आर.पि.डि. |
| १५:१५–१५:३० | विश्राम |
| १५:३०–१६:५५ | ✦ लैङ्गिक उत्तरदायी बजेटको अवधारणा |
| १६:५५–१७:०० | दिनभरीको संक्षेपीकरण |

| | तेस्रो दिन |
|---|---|
| १०:००–१०:१५ | अघिल्लो दिनको पुनरावलोकन |
| १०:१५–११:३० | ✦ लैसअसास मूलप्रवाहीकरणको समारात्मक पक्ष, चुनौती, भय तथा अवसरहरु |
| ११:३०–११:४५ | विश्राम |
| ११:४५–१३:१५ | ✦ लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण अवधारणा र औचित्य<br>✦ लैसअसास मूलप्रवाहीकरणका विधि तथा औजारहरु |
| १३:१५–१३:४५ | खाजा |
| १३:४५–१५:१५ | ✦ सहभागीको आगामी दिनको कार्ययोजना |
| १५:१५–१५:३० | विश्राम |
| १५:३०–१७:०० | ✦ तालिम पश्चातको परीक्षण<br>✦ तालिम मूल्याङ्कन तालिम<br>✦ समापन |

# अनुसूची-३

## कार्ययोजनाको नमूना

सहभागीको नामः ........................................ पदः ........................................

मो.नं.ः ........................................ इमेलः ........................................

कार्यालय र ठेगानाः ........................................

| क्र. सं. | क्रियाकलाप(के गर्ने) | कति वटा पटक | लाभग्राही (कसका लागि) | कहाँ गर्ने | समय (कहिले गर्ने?) | तपाईको भूमिक | आवश्यक श्रोतसाधन बजेट |
|---|---|---|---|---|---|---|---|
| १. | कार्यालय/संस्थामा तालिममा सिकेका विषयवस्तुमा सिकाइ आदान-प्रदान गर्ने | १ पटक | कार्यालय/संस्थाका बोर्ड तथा कर्मचारी | कार्यालयमा | आगामी महिनाको नियमित बैठकमा | प्रस्तुतीरण तथा सहजीकरण | ल्यापटप तथा स्टेशनरी सामान |
| २. | कार्यालय/संस्थामा लैसअसासको अवधारणा तथा औचित्य बारे सचेतीकरण गर्ने | | | | | | |
| ३. | कार्यालय/संस्थामा लैसअसास मूलप्रवाहीकरणको अवस्था बारे सहभागीतामूलक तरिकाले लेखाजोखा गरी सुधारका लागि कार्ययोजना बनाउने | | | | | | |
| ४. | | | | | | | |
| ५. | | | | | | | |
| ६. | | | | | | | |
| ७. | | | | | | | |

यो कार्ययोजना कार्यान्वयनको लागि क-कसको के सहयोग आवस्यक पर्छ बुँदागत रुपमा उल्लेख गर्नुहोस् ।

## अनुसूची-४

# पूर्वपरीक्षण तथा तालिम पश्चात्को परीक्षण प्रश्नावली नमूना

तालिमको नाम : .................................................... सहभागीको नामः ....................................................

मितिः ....................................................

### तालिमको पूर्व/पश्चात् परीक्षण प्रश्नावली

**लैङ्गिकता भन्नाले के बुझिन्छ ?**

क) महिला तथा पुरूषले परम्पराग गर्दै आएको भूमिका, सामाजिक जिम्मेवारी

ख) जैविक लिङ्गको आाधारमा पहिचान

ग।) महिला, पुरूष लैङ्गिक तथा यौनिक अल्पसंख्यकले भूमिका, सामाजिक जिम्मेवारी

घ) माथिका सबै

**लैङ्गिक हिंसाले क–कसलाई असर पार्दछ ?**

क) महिला तथा पुरूष दुवैलाई
ख) समुदायमा सबैलाई
ग) बालबालिकालाई
घ) माथिका सबै

**पितृसत्ता भन्नाले के बुझिन्छ ?**

क) माजमा पुरूषको सत्ता र शक्ति
ख) पुरूषले घर तथा परिवारमा शासन गर्नु
ग) पुरूषको शक्ति शासन र श्रोतसाधनमाथि नियन्त्रण
घ) माथिका सबै

**लैङ्गिक मूलप्रवाहिकरण भनेको हो ?**

क) लैङ्गिक समानता कायम गर्ने नीति
ख) लैङ्गिक समानता कार्यान्वयन गर्ने रणनिति
ग) लैङ्गिक समानता कायम गर्ने योजनाको प्रकृया
घ) माथिको कुनै पनि होइन

**लैङ्गिक समता भन्नाले के बुझिन्छ ?**

क) महिला र पुरूष दुवैलाई बराबर अवसर दिनु

ख) महिला, पुरूषलाई क्षमताको आधारमा अवसर दिनु

ग) महिला, पुरूष, लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई क्षमताको आधारमा अवसर दिनु

घ) महिला, पुरूष, लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई बराबर अवसर दिनु

**२०७८ को राष्ट्रिय जनगणना अनुसार नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको संख्या कति छ ?**

क) १.७ प्रतिशत
ख) २.२ प्रतिशत
ग) २ प्रतिशत
घ) ३ प्रतिशत

**नेपालको संविधानको कुन धाराले लैङ्गिक समानताको बारेमा व्यवस्था गरेको छ ?**

क) धारा ३१ ख) धारा ३४ ग) धारा ३८ घ) धारा ३०

**लैसअसास सम्बन्धी कुन दिगो विकास लक्ष्यले सम्बोधन गरेको छ ?**

क) दिविल नं. १ ख) दिविल नं. ३ ग) दिविल नं. ५ घ) दिविल नं. ७

**महिलाविरूद्ध हुने भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (सिड) संयुत्र् राष्ट्रसंघबाट अनुमोदन कहिले भएको हो ?**

क) सन् १९७७ मा ख) सन् १९७८ मा ग) सन् १९७० मा घ) सन् १९८९ मा

**लैङ्गिक उत्तरदायी बजेटको वर्गिकरण तलकामध्ये कुन हो ?**

क) तटस्थ, सहायक र विशिष्ट ख) तटस्थ, प्रत्यक्ष र अप्रत्यक्ष

ग) तटस्थ, सहायक र प्रमुख घ) तटस्थ, सहायक र निर्दिष्ट

# अनुसूची-५

## तालिम मूल्याङ्कन फाराम

तालिमको नाम : ............................................................ मितिः ..............................

(कृपया कुनै एक विकल्पमा छनौट गरी यस तालिमको मूल्याङ्कन गरिदिनुहोस्)

**१. यो तालिम कार्यक्रम तपाईलाई समग्रमा कस्तो लाग्यो ?**

क) उत्कृष्ट ख) धेरै राम्रा ग) राम्रा घ) ठिकै

**२. सहजकर्ताहरूले प्रयोग गरेका सहजीकरण विधिहरू कस्तो लाग्यो, व्यवहारिक वा प्रभावकारी?**

क) उत्कृष्ट ख) धेरै राम्रा ग) राम्रा घ) ठिकै

**३. विषयबस्तु सम्बन्धी अध्ययनरसन्दर्भ सामग्रीहरू कति उपयोगीरसहयोगी लाग्यो ?**

क) उत्कृष्ट ख) धेरै राम्रा ग) राम्रा घ) ठिकै

**४. विषयबस्तुहरू के(कति उपयोगी र सान्दर्भिक लाग्यो ?**

क) उत्कृष्ट ख) धेरै राम्रा ग) राम्रा घ) ठिकै

**५. समग्रमा तालिमको व्यव्थापन पक्ष कस्तो लाग्यो ?**

क) उत्कृष्ट ख) धेरै राम्रा ग) राम्रा घ) ठिकै

**६. भविष्यमा गरिने यस्तै तालिमका लागि सुधार गर्नुपर्ने कुराहरू वा तपाईको सल्लाह र सुझावहरू (बुँदागत रूपमा)**

..........................................................................................

..........................................................................................

..........................................................................................

**धन्यवाद ।**


प्रशिक्षक प्रशिक्षण
GEDSI TOT
World Vision



# तपाईंको सुझाव

World Vision


**वर्ल्ड भिजन इन्टरनेशनल नेपाल**

**राष्ट्रिय कार्यालय**
केसी टावर, कुसुन्ती, ललितपुर-१३
पोष्ट बक्स २१९६९
फोन: +९७७-०१-५९७०८७७
www.wvi.org/nepal

**पूर्वी क्षेत्रीय कार्यालय**
बर्गाछी, बर्दिबास नगरपालिका-१, महोत्तरी
फोन: +९७७-४४-५५०५२०

**पश्चिम क्षेत्रीय कार्यालय**
हसनपुर, धनगढी उपमहानगरपालिका-५, कैलाली
फोन: +९७७-९१-५२४०३२

www.wvi.org/nepal
@wvinpl
@wvinepal
@wvnepal
@WorldVisionNepal